श्रीमान अध्यक्ष ज्यू,
नेपाल उद्योग बाणिज्य महासंघ,
टेकू, काठमाण्डौ ।

<u>बिषय : नेउबामहासंघ को विधान २०४९(छैठौं संशोधन) को दफा ६६.१ (ख) अन्तर्गत विधान संशोधनका लागि प्रस्ताव विधानको ब्यबस्था अनुसार पेश होस ।</u>

महोदय,

देशभरका उद्योग, व्यापार, व्यवसाय गरी स्वरोजगार बनेका निजी क्षेत्रहरूको छातासँगठन नेपाल उद्योग वाणिज्य महासंघको विद्यमान विधान २०४९ सातौं संशोधनको आवश्यकता विगतका साधारणसभाहरू बाट भएका छन् । उक्त विधान संशोधन का लागि बिगतमा केही प्रयासहरू गरिएका पनि थिए । महासंघको सूसंचालनका लागि उक्त विधानका साथै ने.उ.वा.महासंघ नियमावली २०६३ तथा निर्वाचन आचार संहिता २०६३ पनि संशोधन जरुरी छन् । बिद्यमान राज्य संरचना र ब्यापार व्यवसायको विस्तार दृष्टि गरी समय अनुकुल एवम् व्यवसायीहरूको प्रत्यक्ष सहभागीता का साथै महासंघप्रति अपनत्व का लागि यी सबै दस्तावेजमा समानुकुल संशोधन जरुरी भै सकेकोबारे सबैले महसुस गरेका छन् । अबको संशोधनले २०७३ सम्ममा गरिएको छैठौ संशोधनले संवोधन गर्न नसकेका र परिवर्तित शासन व्यवस्थाका कारण हाम्रो सक्रियता र गहण भूमिकाका लागि समेत तिनै तहका सरकारहरूसँग र स्थानीय निकायसँग सहकार्य गर्न संशोधन गरिनु जरुरी भैसकेको छ । संघको साधारण सदस्यका हैसियतले निम्न विषयवस्तु निम्नानुसार बुँदागत रूपमा संशोधनका लागि यो प्रस्ताव प्रस्तुत गर्दै विधानको दफा ६६.१(ख) अनुसार प्रस्तुती र निर्णयका लागि प्रस्ताव गर्दछु ।

- दफा ६६ को ६६.१ (ख) मा सदस्य संघ र साधारण सदस्य भन्ने शब्द रहेको र उक्त दफाले “साधारण सदस्य” भन्नाले जिल्ला नगर र वस्तुगत संघहरू लाई जनाउँछ । अत: विधान दफा २ को परिभाषामा साधारण सदस्य बारे परिभाषित गर्ने । प्रतिनिधिमूलक संघका रूपमा संघहरूको संघ महासंघ भएका कारण दफा ७.१ (क१) जिल्ला, नगर, नगरपालिका र गाँउपालिका (क२)बस्तुगत, व्यवसायीक संघ (उत्पादक र ब्यापारीक संघ) का साथै द्विराष्ट्रिय उद्योग बाणिज्य संघ थप गर्ने (ख१) खारेज गर्ने । दफा ८.१ (क) (ख) उपरोक्त अनुसार थप गरी संशोधन गर्ने ।

- हाम्रा पूर्वजहरू बाट महासंघको उद्येश्य “मिसन“ र दृष्टि “भिजन“ विधानको अंग का रूपमा विधान मै उल्लेख गरीनु पर्ने । राष्ट्रको आर्थिक बिकासको नेतृत्व गर्ने ‘Leading the Nation’s Economic Progress’ नेपाली व्यवसायीहरूलाइ बिश्वमा प्रतिस्पर्धि बनाउन सहज गर्ने ‘Facilitating Nepalese Business become Globally Competitive’ थप गर्ने ।
- संघहरूको संघ महासंघ भएकोले र दफा ५ मा महासंघको उद्देश्य प्रतिनिधिमुलक सर्वोच्च संघीय संस्थाको रूपमा काम गर्ने गराउने उल्लेख छ । अत: महासंघको पदाधिकारीहरू संस्थागत प्रतिनिधित्व अनिवार्य गर्ने । एशोसियट सदस्य रोजगारदाताको सभापति र रोजगारदाताका रूपमा उपाध्यक्ष हुने । अंग्रेजी शब्द कोषले एशोसियट सदस्य भन्नाले सह-सदस्य जनाउँदछ र अन्तरराष्ट्रिय प्रचलन समेत एशोसियट सदस्य अध्यक्ष र पदाधिकारी बनाउने गरीदैन ।
- दफा ९.१(ख) खारेज गर्ने र (ग) कम्तिमा १०० जना हटाउने । ९.४ बस्तुगत समुह भित्र पर्ने गरी संशोधन गर्ने
- एशोसियट सदस्यताका लागि दफा १०.२ मा नियमानुसार नबिकरण हुन पर्ने भए नबिकरण र सम्बन्घित निकायबाट अद्यावदिक बिबरण, कर चुक्ता र व्यवसाय प्रतिष्ठान नियमित रहेको बारे निस्सा र महासंघमा प्रतिनिधित्व गर्ने व्यक्तिको नाम र सम्बन्ध बारे स्पष्ट पत्र प्रस्तुत गर्नु पर्ने । प्रतिष्ठानसँग सम्बन्धित व्यक्तिमात्र प्रतिनिधित्व गर्न पाउने ।
- दफा १५.४ एशोसियट सदस्यहरू ले सदस्यता नबिकरण गर्दा गत आर्थिक वर्ष सम्म फर्म, कम्पनी प्रतिष्ठान अद्यावधीक रहेको निस्सा साथै संचालक समिति बाट नबिकरण गर्ने र प्रतिनिधित्व गर्ने ब्यक्ति र सो को प्रतिष्ठानसँग को सम्बन्ध बारे पत्र आवश्यक हुने थप गर्नु पर्ने ।
- २९.१ साधारण सदस्य संस्थाहरूले आफ्नो संघको नियमित सदस्य संख्याको बढीमा ५% ले नबढाइ पार्षद प्रतिनिधि पठाउन पर्ने छ । २९.२ खारेज गर्ने । दफा दफा २९.३ वा नायब महाप्रबन्धक शब्द हटाउने र अन्तिम लहरमा मनोनयन गरी “आधिकारीक पत्र सहित“ थप गर्ने
- दफा ३४(क) निर्बाचित अध्यक्ष, (ग) जिल्ला,नगर बाट २ जना र बस्तुगत र एशोसिएट बाट एक एक जना (घ) खारेज गर्ने (ङ) ४२ जना (च) २४ (छ) खारेज गर्ने (ज) २४ जना
- दफा ३४.२(क) साधारण सभाले दफा ७.१ (क)साधारण सदस्यहरू मध्य बाट १ जना उपाध्यक्ष निर्वाचित गर्नेछ । बढी मत प्राप्त गर्ने निर्वाचित हुने छ ।

- दफा ३४.३ खारेज गर्ने र ३४.३ क ५०,२५,२५ प्रतिशतमा हिसाब गरी निर्धारण गरिनेछ। अन्तिम बाक्य हटाउने।
- दफा ३५ पदावधि २ वर्षको हुने छ। ३५.४ दुइ वर्ष गर्ने
- दफा ३६ (ढ) महासंघ आबद्ध संघ संस्थाहरूको सदस्यहरूको सेवा र आत्मनिर्भर कार्यक्रमहरूमा बार्षिक बजेटमा ब्यबस्था गरी बिधि बनाइ परियोजनाका आधारमा सहयोग गर्न र दैबी बिपत्तीमा आर्थिक सहयोग गर्न सक्ने छ। थप गर्ने।
- ४४(ख) बरिष्ठ उपाध्यक्ष वा जिल्ला, नगर वा बस्तुगत तर्फ बाट उपाध्यक्ष भै एक कार्यकाल पुरा गरेको ४६ (ग) महासंघको जिल्ला,नगर वा बस्तुगत तर्फबाट उपाध्यक्ष भै एक कार्यकाल पूरा गरेको र महासंघ आबद्ध साधारण सदस्य संस्थामा अध्यक्ष र पदाधिकारी भै कम्तीमा दुई कार्यकाल पुरा गरेको
- ४६.३(क) (ऊ)महासंघ आबद्ध साधारण सदस्य संस्थामा अध्यक्ष र पदाधिकारी भै कम्तीमा दुई कार्यकाल पुरा गरेको । महासंघको कार्यसमितिमा कम्तिमा दुई वर्ष रहि विधानमा उल्लेखित समितिको कुनै समिति सभापति भै एक कार्यकाल सेवा। महासंघ कार्यसमिति सदस्यको लागि दोश्रो पटक उम्मेदवार बन्नका लागि नियमानुसार नियमित रहेको आफ्नो मातृ संघ वा कुनै पनि अन्य साधारण सदस्य संघको तर्फ बाट उम्मेदवार मनोनीत हुन सक्ने छ।
- ४६.३(क)(ऋ) एशोसियट सदस्यकोतर्फ बाट उम्मेदवार हुन र नबिकरणका लागि प्रतिष्ठानको छाप सहितको निबेदन, गतवर्ष सम्मको कर चुक्ता प्रमाण र दर्ता नबिकरण साथै प्रतिनिधित्व गर्ने ब्यक्ति सो फर्म,कम्पनिसँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्ति ले मात्र गर्न पाउने।
- दफा ४१.१ (ग) प्रदेशको कार्यसमिति निर्वाचन साधारण सभा हुनु भन्दा १५ दिन अगाडी सम्पन्न गरी मतदानको मत गणना कार्य साधारण सभाको निर्वाचन मतगणनासँगै हुनेछ।
- द्विराष्ट्रिय उद्योग वाणिज्य संघ पनि संस्था भएकोले साधारण सदस्य कै रूपमा मान्यता दिई एशोसियट समुह बाट हटाइ साधारण सदस्यको मान्यता दिने व्यवस्था हुन पर्दछ।
- महासंघको नियमावली परिच्छेद ४ दफा १०.२ को व्यवस्था विधान मै उल्लेख गरिनुपर्दछ र मत बराबर भए गोला प्रथा बाट निर्णय लिने भनिएको छ। तर व्यवहारमा आधा आधा कार्यकाल सदस्य बन्ने भएकाले सो उल्लेख

गरी कार्यकाल गणना गर्दा आधा आधा कार्यकालले एक कार्यकाल मान्यता नहुने कुरा स्पष्ट गरिनुपर्दछ ।

- दफा १५.२ साधारण सदस्यको हकमा नविकरणका लागि साधारण सभा को नियमितता, लेखा परिक्षण, मौजुदा कार्यसमिति सूचि का साथै सम्बन्धित जिल्ला कार्यालयमा नविकरण गरेको हुनुपर्दछ भन्ने व्यवस्था हुनुपर्ने ।
- दफा २९.३ थप गरी एशोसियट सदस्यहरूको नविकरण गर्न पनि साधारण सभा अगाडी प्रतिष्ठान नियमित रहेको, कर चुक्ता प्रमाण र दर्ता नविकरण , साधारण सदस्य संस्थामा सदस्यता नविकरण गरेको कागजात अनिवार्य गरिनुपर्ने । एशोसियट सदस्यहरूको हकमा साधारण सभामा प्रतिनिधित्व गर्ने व्यक्तिको फोटो सहित नाम र संस्थासँगको सम्बन्ध बारे आधिकारिक पत्रका आधारमा सदस्यता र नविकरण आबश्यक ।
- ६७(ख)२ माप्रदेशको अध्यक्ष महासंघको उपाध्यक्ष लगतै रहने गरी प्रदेश अध्यक्ष, प्रदेश सदस्य त्यस पछि जिल्ला, वस्तुगत महासंघ, नगर संघ र वस्तुगत संघ पछि एशोसियट सदस्य गरी दफा ६७ (२१) २ अनुसार सबै सदस्यहरू, पूर्ब अध्यक्ष, पदाधिकारीहरूको मयार्दा क्रम विधान मै उल्लेख गर्ने ।
- दफा १५ सदस्यता शुल्क : १५.४ थप गर्ने : प्रतिनिधि मुलक संस्थाको स्वरूप प्रदान गर्न साधारण सदस्य संघमा रहेका नविकरण भएका सबै साधारण सदस्यहरूको संख्याको आधारमा प्रदेशमहासंघले संकलन गरी ७५% केन्द्र पठाउने ।
- दफा २९ वार्षिक साधारण सभामा महासंघ आबद्ध साधारण सदस्य संघका क बर्ग कालागि ३, ख बर्गका लागि २ र ग वर्गकालागि १ सदस्य संख्याका आधारमा मतदान गर्न पाउने गरी दफा १५ सदस्यता शुल्क क लाइ १ लाख, ख लाइ ५० हजार र ग लाइ २५ हजार गर्ने । बस्तुगतका हकमा बस्तुगत महासंघ २ मत र ५० हजार सदस्यता शुल्क र अन्यका हकमा २५ हजार र मत १ हुनेछ ।
- दुर्गम जिल्ला भनि नेपाल सरकारले वर्गीकरण गरेका जिल्ला नगर उद्योग वाणिज्य संघ साधारण सदस्यहरू साधारण सभा र कार्यसमितिमा उपस्थित हुँदा लाग्ने न्युनतम भाडा सम्म व्यहोर्ने ।
- दफा ३४. बार्षिक साधारण सभाले अध्यक्ष सहित सबै पदाधिकारी र सदस्यहरूको निर्वाचन विधानमा व्यवस्था भए अनुसार हुनेछ । निर्वाचित

अध्यक्ष आगामी वर्ष कै लागि स्वत : अध्यक्ष हुनेछन । तर यो संशोधन भएको पहिलो निर्वाचनमा एक पटकका लागि गत साधारण सभा बाट निर्वाचित बरिष्ठ उपाध्यक्ष स्वत: एक कार्यकाल का लागि अध्यक्ष हुनेछ ।

- जिल्ला, नगर र बस्तुगत परिषद्को वैठकको सिफारिस गरी आफ्नो राय सहित सदस्यता समितिमा नयाँ सदस्यका लागि निबेदन पठाउने । तर परिषदको रायका साथै सदस्यता समितिले औचित्य र आबश्कता हेरी सदस्यता दिन सक्ने
- ३८(ग) महासंघको अन्य समितिहरू को संख्या बढीमा २० र सदस्य संख्या बढीमा १५ हुनेछ ।
- प्रदेश महासंघको कार्य समिति गठन व्यवस्था बारे दुई किसिमको व्यवस्था कल्पना गरिएको छ । अत : प्रदेशमा गहन छलफल गरी हाल दफा ४१. १ को व्यवस्था मा सबै प्रदेशमा १९ जनाको कार्यसमिति रहने व्यवस्था गर्ने ।
- दफा ३५. र दफा ४१. १ (ग) मा पदावधि २ वर्ष ।
- दफा ४४ अध्यक्ष योग्यता महासंघ कार्यसमिति २ कार्यकाल सदस्य तथा पदाधिकारी र अनिवार्य समिति सभापति एक कार्यकाल पुरा गरेको
- महासंघ आवद्ध युवा व्यवसायी मंचको स्थायी प्रतिनिधित्व गराई कार्य समितिमा अवलोकन गर्ने गरी आमन्त्रित सदस्यका रूपमा उपस्थिति गर्ने व्यवस्था हुनुपर्दछ ।
- महासंघको नियमावली परिच्छेद ४ दफा १०.२ को व्यवस्था विधान मै उल्लेख गरिनुपर्दछ र मत बराबर भए गोला प्रथा बाट निर्णय लिने भनिएको छ । तर व्यवहारमा आधा आधा कार्यकाल सदस्य बन्ने भएकाले सो उल्लेख गरी कार्यकाल गणना गर्दा आधा आधा कार्यकालले एक कार्यकाल मान्यता नहुने कुरा स्पष्ट गरिनुपर्दछ ।

भवदीय,

**दिनेश श्रेष्ठ**
अध्यक्ष
नेपाल उद्योग वाणिज्य संघ काठमाडौं ।